# श्री अम्रसा सामुदायिक वन उपभोक्ता समूह

मध्यविन्दु न.पा. वडा नं.७, नवलपरासी(ब.सु.पू.)

लाल बहादुर मल्ल
अध्यक्ष

च.नं.:
पत्र संख्या:

मिति:२०८२/०३/२९

**विषय : सिलवन्दी बोलपत्रद्धारा वन पैदावार (काठ /दाउरा) लिलाम बिक्रीको सूचना ।**

**(दैनिक लुम्बिनीमा पहिलो पटक प्रकाशित मिति २०८२/०३/२८ गते )**

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समुहले आ. व. ०८०/०८१ र आ. व. ०८१/०८२ मा संकलन गरी घाटगद्दीमा रहेका तपसिलका लटहरुको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी सिलवन्दी बोलपत्रद्धारा लिलाम गर्नु पर्ने भएकोले पहिलो पटक यो सूचना प्रकाशित गरिएकोछ । गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम विक्री प्रकृयाका लागी गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका र अन्य काठ दाउराको हकमा वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी संञ्चालनमा रहेका उद्योगहरुले **सौर्य दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित** भएको मितिले २१ (एक्काइस) दिनभित्र डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयबाट प्रत्येक लटको लागी छुट्टा छुट्टै सिलवन्दी बोलपत्र खरीद गरी २२ औं दिन कार्यालय समयभित्र श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**१. लिलाम हुने गोलिया काठ/ दाउराको विवरण**

| सि.नं. | लट नं. | धाङ नं. | किसिम | जात | ग्रेड | थान | परिमाण (घ.फी.) | न्यूनतम् मूल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८०/०८१ | ४ | गोलिया | साल | A | ३ | ४४.३३ | ५५४१३.०० | १११८३१.४४ |
| | | | गोलिया | | B | ३९ | ४३२.८६ | ३८९५७४.०० | |
| | | | गोलिया | | C | ५१ | ३४५.१० | २०७०६०.०० | |
| | | | गोलिया | | D | ० | ०.०० | ० | |
| | जम्मा | | | | | ९३ | ८२२.२९ | ६५२०४७.०० | १११८३१.४४ |
| २ | २/०८१/०८२ | १ | गोलिया | | A | २८ | ४५४.६२ | ५६८२७५.०० | १०६६८६.५६ |
| | | | गोलिया | | B | २० | १९१.३८ | १७२२४२.०० | |
| | | | गोलिया | | C | २८ | १३८.४६ | ८३०७६.०० | |
| | | | गोलिया | | D | ० | ०.०० | ० | |
| | जम्मा | | | | | ७६ | ७८४.४६ | ८२३५९३.०० | १०६६८६.५६ |
| ३ | ३/०८१/०८२ | ३ | गोलिया | | A | २० | ३२५.७३ | ४०७१६३.०० | १०५६८०.१६ |
| | | | गोलिया | | B | ३१ | २९३.७१ | २६४३३९.०० | |
| | | | गोलिया | | C | ३७ | १५७.६२ | ९४५७२.०० | |
| | | | गोलिया | | D | ० | ०.०० | ० | |
| | जम्मा | | | | | ८८ | ७७७.०६ | ७६६०७४.०० | १०५६८०.१६ |
| ४ | ४/०८१/०८२ | ४ | गोलिया | | A | २२ | ३६६.३० | ४५७८७५.०० | १०६७०२.८८ |
| | | | गोलिया | | B | २५ | २७६.९६ | २४९२६४.०० | |
| | | | गोलिया | | C | २५ | १४१.३२ | ८४७९२.०० | |
| | | | गोलिया | | D | ० | ०.०० | ० | |
| | जम्मा | | | | | ७२ | ७८४.५८ | ७९१९३१.०० | १०६७०२.८८ |

**श्री अग्रसा सामुदायिक वन उपभोक्ता समूह**
**मध्यविन्दु न.पा. वडा नं.७, नवलपरासी(ब.सु.पू.)**

लाल बहादुर मल्ल
अध्यक्ष

च.नं.:
पत्र संख्याः

मितिः२०८२/०३/२९

**विषय : सिलवन्दी बोलपत्रद्धारा वन पैदावार (काठ /दाउरा) लिलाम बिक्रीको सूचना ।**
(दैनिक लुम्बिनीमा पहिलो पटक प्रकाशित मिति २०८२/०३/२८ गते )

२. यस सूचनाको संक्षिप्त सूचना दैनिक लुम्बिनीमा **प्रथम पटक** प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र वापत तोकिएको तस्तुर तिरी ( पछि फिर्ता नहुने गरी ) श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयबाट खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागी प्रोपाइटर आफै उपस्थित नभई प्रतिनीधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदनसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । निवेदनसाथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नं., कर चुक्ता, उद्योग सूचीकृतको प्रमाण-पत्रको प्रतिलिपी ) अनिवार्य संलग्न हुनुपर्नेछ

३. बोलपत्र खरिद तथा दाखिला मिति :
क) **बोलपत्र खरिद मिति** : २०८२/०४/१६ गते सम्म । ख) **बोलपत्र दाखिला मिति** :२०८२/०४/१७ गते कार्यालय समयभित्र ।

४. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

५. बोलपत्रसाथ कवोल गरेको सकार रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको **एन.आइ.एम.वि. बैंक, चोरमारा शाखामा रहेको खाता नं. 22301050004374** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस समुहको नाममा खिचिएको बैंक ड्राफ्ट वा **६ महिना अवधीको बैंक जमानत पत्र** मध्ये कुनै एक समावेश हुनुपर्नेछ । बैंक ड्राफ्ट वा जमानतको मिश्रण र नगद धरौटीलाई मान्यता दिईनेछैन ।

६. लिलाम बढाबढ हुने वन पैदावार यस समुहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लगारएर सच्चाएको तथा केरमेट गरी पुनः लेखिएको बोलपत्र मान्य हुनेछैन ।

८. सिलवन्दी बोलपत्रमा लाहा छाप लगाईएको हुनु पर्नेछ । लाहा छापभित्र पर्ने गरी स्टिच लगाउन पाईने छैन ।

९. श्री डिभिजन वन कार्यालय नवलपुरमा दर्ता भएका सिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम् संख्या र रितपूर्क दर्ता भएका बोलपत्रहरु यस समुहको कार्यालयमा प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा नीजको प्रतिनीधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

१०. बोलपत्र खोल्ने बारेको सूचना यस समुहको कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।

११. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख हुनुपर्नेछ ।

१२. लिलाम स्विकृति भएको जानकारी कार्यालयको सूचनापाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्र दाताको रहनेछ । बोलपत्र स्विकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले १० दिनभित्र सकार गरेको रकम निर्धारित मु.अ. कर, अग्रिम आयकर र संकलन खर्च बुझाई वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

१३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित निकायमा सुरक्षित रहनेछ ।